**कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिबाट मिति २०७७ साल श्रावण १ गतेदिख २०७७ साल आश्विन मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरुको संक्षिप्त विवरण:-**

- समितिको मिति २०७७।४।०१ गतेको बैठकवाट प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं. ५ मा लागु भएको वैज्ञानिक वन व्यवस्थापनको अवस्थाको २०७७ साल श्रावणको दोश्रो साता स्थलगत अवलोकन गरी असोज मसान्त भित्र समितिमा प्रतिवेदन पेश गर्न समितिका माननीय सभापतिको संयोजकत्वमा देहाय वमोजिम स्थलगत अवलोकन कार्यदल गठन भएको-

| | | |
|---|---|---|
| १. | मा० पुर्णकुमारी सुवेदी- सभापति | संयोजक |
| २. | मा० घनश्याम खतिवडा | सदस्य |
| ३. | मा० चन्द्रकान्त चौधरी | सदस्य |
| ४. | मा० देवप्रसाद तिमलसेना | सदस्य |
| ५. | मा० राजबहादुर वुढाक्षेत्री | सदस्य |
| ६. | मा० शान्ता चौधरी | सदस्य |
| ७. | मा० शान्तीमाया तामाङ पाख्रीन | सदस्य |

- समितिको मिति २०७७।४।१४ गतेको बैठकवाट देहायको निर्णय भएको-
  १. विगत लामो समय देखि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने आम नागरिकहरू भोक, रोग, अशिक्षा, गरिबी र उचित बासस्थानको सुविधाबाट बञ्चित रहेकोमा समितिले विगतमा पनि मन्त्रालयलाई विभिन्न निर्देशनहरु दिंदै आएको छ।यस विषयमा सम्बन्धित मन्त्रालयले जिम्मेवारी पूर्वक काम गर्नमा ढिलाई गर्नु हुँदैन।यस्ता सम्बेदनशिल कार्यमा कुनै त्रुटी वा कमजोरी सैह्य हुँदैन।सामाजिक बन्चितीकरणमा परेका र निकुञ्जलाई नै आफ्नो जीविकोपार्जनको माध्यम बनाएका यस निकुञ्ज वरपर बस्ने अव्यवस्थित बसोबासिहरुको समेत व्यवस्थापन गर्न भूमि आठौ संशोधनले संवोधन गरी भूमि समस्या आयोग गठन भै सकेको सन्दर्भलाई समेत मध्य नजर गर्दै निजहरुको कानून बमोजिम व्यवस्थापन यथा शिध्र गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
  २. चितवनको माडिमा घटेको घटना प्रति समिति खेद व्यक्त गर्दछ।यस घटनालाई संवेदनशिल भई छनविन गरी दोशी उपर विभागीय कारवाही गर्न,

आगामी दिनमा यस्ता दुखद घटना दोहोरीन नदिन, स्थानीय जनताका हितको प्रबर्द्धन गर्दै सम्रक्षणका लागि समूदायसँग मिलेर अगाडि बढ्न, पीडितलाई उचित क्षतिपूर्ती प्रदान गर्न तथा कानूनको कार्यान्वयमा मन्त्रालय अझबढी जिम्मेवार हुन समिति मन्त्रालयलाई निर्देशन दिने।

३. उर्जा, जलस्रोत, वन तथा वातावरण सम्बन्धी विषयमा समितिलाई आवश्यक परेका वखत राय, सल्लाह र सुझाव प्रदान गर्न प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को नियम (२) बमोजिम यस समितिको अवधिभरका लागि श्री केशवध्वज अधिकारी (उर्जा तथा जलश्रोत) र श्री सन्तोषमणी नेपाल (वन तथा वातावरण)लाई अवैतनिक विषयगत विशेषज्ञको रुपमा मनोनयन गर्ने।

- समितिको मिति २०७७।६।२ गतेको बैठकवाट देहायको निर्णय भएको-

१. रासायनिक मल क्षेत्रसँग सम्बन्धित समस्यालाई सम्बोधन गर्न मन्त्रालयले वनाएका अल्पकालीन र दीर्घकालीन योजनाहरु समितिलाई उपलब्ध गराउन कृषि तथा पशु पंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने।

२. चालु आ.व.मा रासायनिक मल के कति परिमाणमा आयात गरिएको हो? आयातित मलको वितरणको प्रकृया, मापदण्ड र अनुगमनको व्यवस्था के कस्तो छ? सोको विस्तृत विवरण समितिमा उपलब्ध गराउन कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने।

३. कषि वालीको सघन उत्पादन र व्यवसायिक खेतीमा जोड दिएसंगै भविश्यमा समेत रासायनिक मलको माग वढ्दै जाने हुँदा देश भित्र नै रासायनिक मलको कारखाना स्थापनाको लागि आवश्यक प्रकृया थालनी गर्न कृषि तथा पशु पंक्षी विकास मन्त्रालयलाई निर्देशन दिने ।